का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ५६
❐ २५ चैत्र २०७६, मंगलबार
❐ 7 April 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | ९ जना | १ जना | १६५६ | १०७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १२ लाख ८७ हजार | दुई लाख ७२ हजार | ७० हजार | नौ लाख ४५ हजार |

# लम्बियो लकडाउन

## सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले जारी लकडाउन बैशाख ३ गतेसम्म लम्ब्याउने निणर्य गरेको छ। लकडाउन लम्बाउने निर्णसँगै क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्था समेत परिमार्जन गरेको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत

सरकारले लकडाउनको समय आठ दिन थप गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले लकडाउनलाई बैशाख तीन गतेसम्म थप गर्ने निर्णय गरेको हो। कोरोना नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समन्वय समितिको सिफारिसमा लकडाउनको अवधि आठ दिन अर्थात बैशाख ३ गतेसम्म बढाउने निर्णय गरेको हो।

सरकारले एकै पटक लामो समयसम्म समय थप गर्नुभन्दा पनि एक-एक साता गरेर लकडाउनको समय थप गर्ने नीति लिएको देखिन्छ। सरकारले दोस्रोपटक लागू गरेको लकडाउनको अवधि मंगलबार (आज) दुई साता पूरा हुँदैछ।

सरकारले पहिलोपटक चैत ११ गते बिहान ६ बजेदेखि साताव्यापी लकडाउनको घोषणा गरेको थियो। त्यपछि आठ दिन थपेर चैत २५



सम्म कायम गरिएको थियो। गत बिहीबार बसेको उच्चस्तरीय समितिको १६ औं बैठकले पारिवारिकरूपमा खेती-बालीको काम गर्न दिने, राष्ट्रिय गौरवका आयोजनाभित्र काम गर्न दिनेगरी केही खुकुलो पार्ने निर्णय गरेको थियो।

तर, सुदूरपश्चिम प्रदेशमा एकसाथ तीन जनामा संक्रमित फेला पर्दै कोरोना नयाँ चरणमा प्रवेश गरेपछि सरकारले थप कडाइ गरेको थियो। शनिबार बसेको मन्त्रिपरिषद् बैठकले एक स्थानीय तहबाट अर्को स्थानीय तहजानसम्म निषेध गरेर लकडाउनलाई अझ कसिलो बनाएको थियो।

बैठकले लकडाउनलाई थप प्रभावकारी बनाउन मातहतका निकायलाई निर्देशन दिने निर्णय पनि गरेको छ। अहिलेसम्म देशभर ९ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ। सुदूरपश्चिममा भारतबाट आएका युवकमा समेत संक्रमण देखिएपछि अरुमा पनि सर्ने सम्भावनाको कारण सरकारले र्‍यापिड टेस्ट गर्ने निर्णय गरिसकेको छ।

सरकारले कोरोना भाइरस नियन्त्रणलाई प्रभावकारी बनाउन क्वारेन्टाइन बसाइ पनि लम्ब्याउने तयारी गरेको छ। मन्त्रिपरिषद्को सोमबारकै बैठकले क्वारेन्टाइन बसाइ पनि लम्ब्याउने निर्णय गरेको हो। विदेशबाट आउने र नेपालमा बसेका सम्भावित कोरोना संक्रमितलाई सरकारले अहिले १४ दिनसम्म क्वारेन्टाइनमा राख्ने गरेको छ। तर यसलाई पनि लम्ब्याएर कम्तीमा २१ दिन पुऱ्याइएको हो।

अब १४ दिन क्वारेन्टाइनमा बसेपछि निस्किएका बाँकी पृष्ठ २ मा

# १७ औं गभर्नरमा महाप्रसाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत

नेपाल राष्ट्र बैंकको १७ औं गभर्नरमा महाप्रसाद अधिकारी नियुक्त भएका छन्। मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले उनलाई गभर्नरमा नियुक्त गरेको हो। उनलाई सरकारले गभर्नरका रुपमा आगामी ५ बर्षका लागि नियुक्त गरेको हो।



यस अघि चैत १८ गते बसेको मन्त्रिपरिषद बैंठकले अर्थमन्त्री डा. युवराज खतिवडाको संयोजकत्वमा गभर्नर नियुक्तीका लागि सिफारिस समिति गठन गरेको थियो। सो समितिमा पूर्व गभर्नरको तर्फबाट बिजयनाथ भट्टराई र आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय तथा बाणिज्य कानूनको तर्फबाट पूर्व सचिव कृष्णहरि बास्कोटालाई सदस्यमा राखिएको थियो।

उक्त सिमितिले सोमबार बिहान मात्र सरकार समक्ष ३ जनाको नाम सिफारिस गरेको थियो। जसमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीका साथै राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र पूर्व अर्थसचिव राजन खनालको नाम सिफारिस गरेको थियो।

सो तीन जनामध्ये सरकारले अधिकारीलाई गभर्नरमा नियुक्त गरेको हो। नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरबाट अवकाश पाएका अधिकारीको बैंक तथा वित्तीय क्षेत्रमा राम्रो दख्खल रहेको छ। हाल लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत हुँदा पनि उनले विवादरहति ढंगबाट वैदेशिक लगानी भित्र्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका थिए। यसअघिका गभर्नर चिरञ्जीवी नेपालसँगै बाँकी पृष्ठ २ मा

# देशका १० स्थानबाट कोरोना परीक्षण

**काठमाडौं/मस-** सरकारले देशभरी विभिन्न १० स्थानबाट कोरोना भाइरस (कोभिड–१९) को नमुना परीक्षण शुरु गरेको छ। काठमाडौंसहित धरान, हेटौंडा, पोखरा, वुटवल, सुर्खेत, धनगढी, धुलिखेल, भरतपुर र भैरहवामा नमूना परीक्षण शुरु गरिएको हो।

अहिलेसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा १ हजार ६ सय ९७ जनाको नमुना परीक्षण गरिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा भएको नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार काठमाडौं उपत्यकामा १२ सहित १ सय ७ जना आइसोलेसनमा रहेका छन्। देशभरी ९ हजार १ सय ६८ जना क्वारेन्टाइनमा रहेको मन्त्रालयका प्रवक्ता विकास




देवकोटाले बताए।

प्रवक्ता देवकोटाले राष्ट्रिय एम्बुलेन्स सेवा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र काठमाडौं महानगरपालिकाबीच १० वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने विषयमा सम्झौता समेत भएको छ। राष्ट्रिय एम्बुलेन्स सेवाका ५ सहित १० वटा एम्बुलेन्स तयारी अवस्थामा रहनेछन्। यसैगरी नेपाल मेडिकल काउन्सिलसहितको टोलीले उपत्यकाका विभिन्न अस्पलताको अनुगमन गरेको छ। वीर अस्पताल, ट्रमा सेन्टर, टिचिङ अस्पताल, सिभिल अस्पताल र काठमाडौं मेडिकल कलेजमा अनुगमन गरिएको हो। कोरोना भाइरससँग सम्बन्धित सेवाहरु, जनशक्तिका विषयमा अनुगमन गरिएको प्रवक्ता देवकोटाले बताए।

सरकारले सातवटै प्रदेशमा स्वास्थ्य मन्त्रालय अन्तर्गत ११ औ तहका कर्मचारीको नेतृत्वमा जनशक्ति परिचालन गरी आवश्यक जनशक्ति पहिचान गर्न निर्देशन पनि दिइएको छ। प्रदेशमा भएको जनशक्तिको अवस्थाका विषयमा प्रतिवेदन तयार गरी तीन दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ।

# प्रधानमन्त्रीको सम्बोधन आज




**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार (आज) देशबासीको नाममा सम्बोधन गर्ने भएका छन्। प्रधानमन्त्री ओलीले मंगलबार बिहान ११ बजे सम्बोधन गर्ने कार्यसूची तय गरेको बताइएको छ।

'सोमबारको मन्त्रिपरिषद्को बैठकमा प्रधानमन्त्रीले सम्बोधन गर्ने कुरा जानकारी गराउनुभएको थियो। सम्भवत: मंगलबार ११ बजे सम्बोधन गर्नुहुन्छ।' एक मन्त्रीले भने। कोरोना संक्रमणले चौतर्फ असर पुर्याइरहेका वेला प्रधानमन्त्रीको सम्बोधन अपेक्षित थियो। लकडाउन यता मौन रहेको भन्दै प्रधानमन्त्रीको आलोचना चौतर्फी चलेको थियो।

सरकारले तेस्रो चरणको लकडाउन घोषणा गरिसकेको छ। लकडाउनको प्रत्यक्ष असर पुऱ्याएकाहरूलाई सरकारले राहतको प्याकेजको पनि घोषणा गरेको छ। कोरोना संक्रमण दोस्रो चरणमा प्रवेश गरेकाले सरकारको तयारीको बारेमा प्रधानमन्त्रीले सम्बोधन गर्ने बुझिएको छ। त्यसबाहेक सरकारले थप राहतका कार्यक्रम ल्याउन सक्ने पनि स्रोतले जानकारी दियो। बाँकी पृष्ठ २ मा

# कोभिड-१९ का सूचना एउटै वेबबाट

**काठमाडौं/मस-** अब कोभिड-१९ का आधिकारिक सूचना एकै ठाउँबाट जानकारी लिन सकिने भएको छ। सँगै मोबाइल एप्समार्फत क्वारेन्टाइन अनुगमन प्रणालीकोसमेत शुरु गरिएको गृहमन्त्रालयले जनाएको छ। यसलाई गृहमन्त्रालयले 'कोभिड-१९ एकीकृत सूचना प्रणाली तथा क्वारेन्टाइन अनुगमन प्रणाली' नाम दिएको छ।

यसरी सूचना प्राप्त गर्न तपाईले एउटा वेबसाइट हेर्नुपर्नेछ। गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबारदेखि उक्त वेब सञ्चालनमा ल्याएको हो। ब्राउजरमा गएर (https://covid19.ndrrma.gov.np/) लगइन गरेपछि त्यहाँबाट सबै सूचना प्राप्त गर्न सकिने प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए। वेबमा भएको ताजा विवरणअनुसार सोमबारसम्म सङ्क्रमित आठ जना उपचारकै क्रममा छन्। एक जना उपचारपछि फर्किसकेका छन्। सोमबार हजार १६६ जना क्वारेन्टाइनमा छन्। १३१ व्यक्ति आइसोलेसनमा छन्।

## संख्या सय प्रकरण


# ऐन संशोधनको छोटो बाटो अध्यादेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत

राष्ट्रपति विद्यादेवी भण्डारीबाट संसद्को अधिवेशन अन्त्यको घोषणासँगै वर्तमान सरकारले चाहेमा वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने काम सहज भएको छ। मुलुकमा कोरोना भाइरसको संक्रमण बढेपछि बसेको गत चैत १६ गतेको मन्त्रीपरिषद्को बैठकले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरणका लागि वार्षिक रुपमा सय जना कामदार पठाएको हुनुपर्ने अनिवार्य प्रावधान हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय गरेको थियो।।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार राष्ट्रपतिबाट प्रतिनिधिसभा र राष्ट्रियसभाका चालू हिउँदे अधिवेशन अन्त्य भएपछि सरकारलाई त्यस विषयमा अध्यादेश जारी गर्न सहज भएको हो।

नेपालको संविधान २०७२ को धारा ११४ मा अध्यादेश सम्वन्धी व्यवस्था रहेको छ। संघीय संसदको



(ङ) वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट इजाजतपत्रवाला संस्थाहरू खारेजी हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन, २०६४ मा संसोधनको प्रक्रिया अगाडि बढाउने।

(च) एसिया प्यासिफिक समूहबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सन् २०२० मा प्रस्ताव गरिएको पारस्परिक मूल्याङ्कनको कार्यतालिकालाई एक वर्ष पछि सार्न अनुरोध गर्ने।

८. अन्य नीतिगत सुधार

(क) वैदेशिक रोजगारमा जानको लागि श्रम स्वीकृति लिएका तर कोभिड-१९ का कारणले वैदेशिक रोजगारीमा जान नपाएका र वैदेशिक रोजगारीबाट फर्किएका नेपाली नागरिकको जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गरी कार्यक्रमको रकम उत्पादनशिल कार्यमा उपयोग हुने सुनिश्चितता गर्ने।

(ख) नेपाली कामदारको अवस्थाको सम्बन्धमा जानकारी नियमित रुपमा लिईराख्ने व्यवस्थाका लागि कुटनीति नियोगको भूमिका प्रभावकारी बनाउने र गन्तव्य मुलुकका सरकारसँग यस किसिमको परिस्थितिमा सहजीकरण गर्दै श्रमिकको

दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने भन्ने व्यवस्था रहेको छ।

संविधानको यही व्यवस्था अनुसार मन्त्रिपरिषद्बाट गत चैत्र १६ गते भएको ईजाजतपत्र नवीकरणका लागि वार्षिक रुपमा सय जना कामदार पठाएको अनिवार्य प्रावधान हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय अध्यादेश मार्फत कार्यान्वयन हुन सक्ने छ।

त्यसरी जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ। तर त्यस्तो अध्यादेश जारी भएपछि बसेको




संघीय संसदको दुवै सदनमा पेश गरिने र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने व्यवस्था छ।

सरकारलाई अन्यथा लागेमा अध्यादेश मन्त्रिपरिषद्को निर्णयले राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन पनि सक्छ। उल्लेखित दुवै प्रावधान अनुसार निष्क्रिय वा खारेज नभएमा संसदको दुवै सदनको बैठक बसेको साठी दिन पछि अध्यादेश स्वत: निष्क्रिय हुन्छ।

सरकारले सय जनाको वाध्यकारी प्रावधान हटाउन गरेको निर्णय कार्यान्वयन गर्न अध्यादेश जारी गर्नुको विकल्प नभएको संवैधानिक कानूनका जानकारहरुको भनाइ छ। वैदेशिक रोजगार ऐन अनुसार म्यानपावर कम्पनीले दश हजार रुपैयाँ नवीकरण शुल्क तिरेर हरेक वर्षको असार मसान्तमा कम्पनीको ईजाजतपत्र नवीकरण गराउनु पर्ने व्यवस्था छ।

अनिवार्य रुपमा सयजना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने प्रावधान ऐन संशोधन नभएसम्म कार्यान्वयनमा आउन सहज छैन। उक्त निर्णय कार्यान्वयनमा नआए हाल सय जना कामदार पठाउन नसकी खतराको रातो घेरामा रहेका करिब ३ सय ५० म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण हुने छैन।

शुरुमा ३ सय ५० म्यानपावर कम्पनी अनिवार्य सयको संख्या नपुऱ्याउने खतराको रातो घेरामा रहेका भएपनि कोरोना भाइरसको संक्रमणका कारण खाडी तथा मलेसियाले कामदार लिन छोडेपछि खतराको रातो घेरामा पर्ने म्यानपावर कम्पनीको संख्या बढेर पाँच सयको हाराहारीमा पर्ने आंकलन छ।

हाल ८ सय ५४ म्यानपावर कम्पनी विभागमा दर्ता रहेका छन्। त्यस मध्ये करिब सवासय म्यानपावर कम्पनीले वार्षिक रुपमा एकजनापनि कामदार पठाउन सकिरहेका छैनन्। हाल नेपाली कामदारका प्रमुख गन्तव्य मध्ये प्राय: सबै मुलुक लकडाउनको अवस्थामा रहेका छन्। लकडाउन र कोरोना भाइरसको कहर कहिले सामान्य हुन्छ, त्यसको कुनै आंकलन हुन सकिरहेको छैन। जनजीवन सामान्य भएपनि चालु आर्थिक वर्षको सय दिनमा नेपाली कामदारका लागि नयाँ डिमाण्ड आउने सम्भावना धेरै पातलो छ। यस हिसावले पनि मन्त्रिपरिषद्को निर्णय अध्यादेश मार्फत कार्यान्वयनमा ल्याउनुको विकल्प नरहेका बाँकी पृष्ठ २ मा

**भोजपुरी भाषामा**

**हमनीसबके जिम्मेवारी, कोरोना भाइरस संक्रमणके रोकेला अपनावल जाऊ होसियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह।
- संक्रमित भइल आदमी खोकला आ छिँकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला।

**यी रोगसे बचैके का कर परि ?**

- खोकैके आ छिँकैके समय नाक आ मुख निमनसे तोपेके। आ प्रयोग कइलगेल टिसूपेपरके तुरन्त फोहोर विगेवाला कुडादानीमे विगैके।
- समय समयमे सावुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगाबैके। केकरोसे मिलजाइके समय हात नमिलाबैके। मात्र प्रमाण आ नमस्कार करेके।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके।
- आ अपनहूके खोकी लागलबा त दोसरो आदमीसे दुरीमे रहेके।
- भीडभाडमे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके।

**आ ध्यान देवेवाला वात:**

- बोखार लगलापर, खोकी अइलापर, आ सँस लइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेल पैसा नालागेवाला टेलिफोन नं. १११५ मे फोन कर सकैनि।
- मत हडवडाई, और सतर्क बनी।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## पत्रकार महासंघका अध्यक्ष आचार्यको अपिल

# ‘कोरोनाविरुद्धको लडाईंमा योगदान गरौं’

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले वर्तमान प्रतिकुलताका वावजूत आफ्नो पेशागत दायित्व निर्वाह गर्दै आएका सम्पूर्ण पत्रकार र सञ्चारमाध्यमको उच्च प्रशंसा गरेका छन् । अध्यक्ष आचार्यले सोमबार एक अपिलमार्फत विश्वब्यापी महामारीका रुपमा फैलिइरहेको र नेपालमा उच्च जोखिमको चुनौति कायमै रहेको कोरोना संक्रमण नियन्त्रणका लागि अनेकौं कठिनाई र जोखिम मोलेर सचेतनामूलक समाचार सामग्रीका साथै सही सूचना नागरिक सामु पुर्‍याउने महत्वपूर्ण दायित्व बहन गर्दै आएको भन्दै त्यस्ता पत्रकार र सञ्चारमाध्यमको प्रशंसा गरेका हुन् ।



उनले जस्तो सुकै असहजतामा पनि चुनौतिको सामना गर्ने र जोखिमपूर्ण क्षेत्रका अग्रभागमा रहेका सत्य तथ्य समाचार सामग्रीहरु निरन्तर प्रवाह गर्ने कार्यले पत्रकारिता समाजको सबैभन्दा धेरै बिश्वसनीय क्षेत्रको रुपमा रहँदै आएको तथ्य पुनः एक पटक उजागर हुन पुगेको भन्दै संकटपूर्ण अवस्थामा जिम्मेवारपूर्ण ढंगले पत्रकारिता गरिरहेका सम्पूर्ण सञ्चारकर्मीप्रकि नेपाल पत्रकार महासंघको तर्फबाट हार्दिक आभार पनि प्रकट गरेका छन् ।

अपिलमा नेपालमा कोरोना संक्रमणको आर्को चरणको रुपमा ‘लोकल ट्रान्समिसन’को अवस्था देखिएको सरकारले जनाएको र अब यसको संक्रमण फैलन नदिनका लागि थप तयारी र नयाँ रणनीतिका साथ सरकार उभिएको उल्लेख गर्दै यो अवस्थामा पत्रकारहरु, जो अग्रपंक्तिका पात्रहरु हुन्, तिनीहरु अझ बढी गंभिर र सचेततापूर्वक प्रस्तुत हुन जरुरी रहेको उल्लेख गरिएको छ ।

अपिलमा अगाडि भनिएको छ, ‘हाम्रो आफ्नो स्वास्थ्य सुरक्षा सबैभन्दा पहिलो र ठूलो बिषय हो । आफू सुरक्षित हुँदै समाज र देशभरका हरेक व्यक्तिलाई कसरी सुरक्षित हुने भन्ने सन्देश र सूचना प्रवाह गर्ने दायित्व नेपालका सबै संचार माध्यमको काधमा छ । यो महत्वपूर्ण दायित्व पूरा गर्न सिंगो सञ्चार क्षेत्रलाई संयोजन र समन्वय गर्नका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय समिति मातहतका सबै प्रदेश समिति, एशोसिएट संस्थाहरु, सबै जिल्ला तथा प्रतिष्ठान शाखा र सदस्य साथीहरुमा हार्दिकताका साथ अपिल गर्दछ । यो चुनौति र संकटपूर्ण अवस्थामा अन्य समस्या र तमाम मतभेदहरुलाई थाति राखेर कोरोना सक्रमण नियन्त्रणका लागि एउटै मिसनका साथ अघि बढ्न तीन वटै तहका सरकार, राज्यका सवै निकाय, सबै राजनीतिक दल, नागरिक संघ संस्था, पेशाकर्मी, व्यवसायीलगायत सबैमा महासंघ आह्वान गर्न चाहन्छ ।’

अपिलमा अध्यक्ष आचार्यले जोखिमको समयमा पत्रकार सुरक्षा र संचारमाध्यमको नियमितता एवम् प्रभावकारिताका लागि आबश्यक सामग्रीहरुको उपलब्धताका साथै राहत प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराउउँदै यो अबस्थामा फिल्डमा खटिने पत्रकारहरुको नियमित स्वास्थ्य परीक्षण , विमा, पत्रकारले प्रयोग गर्ने संचार साधनमा सहुलियत, लकडाउनले असर गरेका पत्रकारहरुका लागि आबश्यक सामग्रीको उपलब्धता, अप्ठ्यारामा परेका पत्रकाहरुलाई आर्थिक राहतलगायतका बिषयहरु समेटेर प्याकेजमै पत्रकारहरुको आत्मवल बढाउनका लागि राज्यले अभिभावकीय भूमिका निर्वाह गर्न जरुरी देखिएको र जटिल अवस्थामा पनि अनेकौ समस्यासँग जुधेर आफूलाई निरन्तरता दिइ जोखिम मोलेर सूचना तथा समाचार सामग्री प्रवाह गरिरहेका सञ्चारमाध्यमको हकमा पनि प्याकेज मै योजना बनाएर प्रोत्साहन गर्न तथा सबै सञ्चार माध्यमवाट कोरोना सक्रमण हुन नदिन जनचेतनामूलक सन्देश र सूचना प्रवाहका लागि सहकार्य गर्न सरकारसँग आग्रह गरेका छन् ।

‘सरकार र सञ्चारबीच सहकार्य गरी यो बेलामा आवश्यक सूचना, सचेतनाका साथै होम क्वारेन्टाइनमा बसेका बिद्यार्थीका लागि आबश्यक सामग्रीहरुको उत्पादन र प्रसारण गर्ने तर्फ योजना निर्माण गर्न पनि अत्याबश्यक देखिएको’ भन्दै अधक्ष्य आचार्यले यसतर्फ पनि सरकारको ध्यानाकर्षण गराएका छन् ।

अपिलमा भनिएको छ, ‘नेपाल पत्रकार महासंघ नेपालका सबै पत्रकारहरुको साझा संस्था हो । यो संस्थाको बिशिष्ट चरित्रलाई हामीले चुनौतिपूर्ण समयमा प्रदर्शित पनि गर्दै आएका छौं । जस्तो जुकै संकट र चुनौतिका बीचमा पनि नेपालको संविधानको प्रस्तावनामै रहेको पूर्ण प्रेस स्वतनत्रताको सम्मान र पालना हुनु पर्छ भन्ने हाम्रो मान्यता हो । यो बेला पनि हामीले आफ्नो दायित्व र जिम्मेवारी निभाइरहँदा निगरानी र खबरदारी गर्ने हाम्रो भूमिकालाई पूरा गरिरहेका छौं । महासंघ स्वतन्त्र र निर्भिक पत्रकारिताका लागि आबश्यक वातावरण निर्माण गर्न सरकारलगायत समाजका हरेक वर्ग र समुदायसँग अपिल गर्दछ ।’

अध्यक्ष आचार्यले अपिलमा महासंघले विगतदेखि उठाउदै आएको बिभिन्न मुद्दाहरुप्रतिको लडाईं जारी रहेको , महासंघका सांगठनिक जीवनका केही महत्वपूर्ण दायित्व पनि निर्वाह गर्नु पर्ने, संसोधित बिधानलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनका लागि पनि अझै धेरै काम गर्न बाँकी रहेको, महासंघको काम, कारवाही र नेतृत्वसँगका गुनासा, आलोचना वा अपेक्षाहरुलाई सधैं स्वागत गर्दै आइरहेको, यस्ता सवालहरु निरन्तर रुपमा प्रकट भइरहने तथा उपर्युक्त समयमा निश्चित विधि र प्रक्रियाबाट त्यसलाई सम्बोधन गरिने परम्परा पनि रहेको उल्लेख गर्दै सबै सवालहरुलाई स्मरण र संस्थागत रुपमा संग्रहित गर्दै यो कोरोनाको भयावह अवस्थामा कोरोना संक्रमणको नियन्त्रणका लागि सिंगो सञ्चार क्षेत्र एकताबद्ध भई भूमिका खेल्न र आफ्नो सुरक्षामा विशेष सावधानी अपनाउन सबैमा अपिल गरेका छन् ।

पत्रकारिताको सबैभन्दा ठूलो क्षमताका रुपमा अफवाह नियन्त्रण गर्ने क्षमतालाई पनि लिने गरिएको र यतिबेला फैलने कुनै पनि अफवाहले कोरोना सक्रमण भन्दा झनै ठूलो भयावह अवस्था सिर्जना गर्न सक्ने तर्फ इंगित गर्दै अध्यक्ष आचार्यले अफवाह फैलन नदिन तथा कसैले अफवाह फैलाएमा त्यसलाई तत्काल रोक्नका लागि र पुष्टि भएका एवम् तथ्यमा आधारित समाचार सामग्री मात्र प्रवाह गरेर कोरोना बिरुद्धको लडाईंमा योगदान पुर्‍याउनका अपिल गरे ।

## गाउँका क्वारेन्टाइनमा बस्न मान्दैनन् स्थानीय

# प्रहरीको सहयोगमा क्वारेन्टाइनमा राख्ने प्रयास

**एपी न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ चैत

कालिकोटस्थित राष्कोट नगरपालिकाका केही वडाहरुमा बाहिरबाट आउनेहरुलाई क्वारेन्टाइनमा राख्न असहजता पैदा हुने गरेको छ । जिल्ला बाहिरबाट आउने स्थानीयलाई अनिवार्य रुपमा १४ दिनसम्म क्वारेन्टाइनमा राख्नुपर्ने भएपनि स्थानीयकै असहयोगका कारण क्वारेन्टाइनमा बस्नेहरुको संख्या धेरै न्यून छ ।

राष्कोट नगरपालिकाले मात्रै सबै वडामा गरेर ११ ओटा क्वारेन्टाइन सेन्टर बनाएको छ । तर उक्त क्वारेन्टाईनमा बस्ने स्थानीयको संख्या भने धेरै न्यून भएको वडा नम्बर ८ का अध्यक्ष कृष्ण प्रसाद धमलाले जानकारी दिए । उनका अनुसार कतिपय स्थानीयहरु भारतबाट आएका छन् । जसलाई क्वारेन्टाइनमा बसाउनका

रास्कोट नगरपालिका
कालिकोट

लागि लिन जाँदा कहिले गाली गर्छन भने कहिले ढुंगाले हान्ने सम्मका हर्कत गर्ने गरेका छन् ।

त्यसैले अब क्वारेन्टाइनमा राख्नुपर्ने स्थानीयलाई रिसिभ गर्नका लागि प्रहरीसहितको टोली बनाएर रिसिभ गर्ने प्रयास गरिएको उनको भनाई छ । नगरपालिकाले सरकारले गरेको निर्णय अनुसार अब एक नगरपालिकादेखि अर्को नगरपालिका जान र आउन पनि प्रतिबन्ध लगाएको नगरपालिकाका मेयर काशीचन्द्र बरालले जानकारी दिए । उनका अनुसार नगरपालिका भित्रिने प्रमुख नाकामा हेल्थ डेस्कको निर्माण गरिएको छ जसको मद्धतबाट उक्त नगरपालिका भित्रिनै सबैको स्वास्थ्य जाँच गर्ने गरिएको छ । यस्तै नगरपालिकामा भएका ११ ओटा क्वारेन्टाइन स्थलमा भने निकै न्यून उपस्थिति रहेको उनले जनाए । नगपालिकाका सबै स्थानमा क्वारेन्टाईनको व्यवस्था गरिएपनि सोही अनुसार बाहिरबाट आउने स्थानीय बस्ने गरेका छैनन् । बाहिरबाट नगरपालिकामा भित्रिनेहरुको संख्या उल्लेख्य भएपनि क्वारेन्टाइनमा बस्नेहरुको संख्या भने न्यून छ ।

नगरपालिकाले क्वारेन्टाइनमा दिनमा ३ पटक खाना, माछा मासुलगायत पोषणयुक्त खानेकुराको समेत व्यवस्था मिलाएको मेयर बराल बताउँछन् । यस्तै क्वारेन्टाइनमा बस्नेहरुलाई समय कटाउन टेलिभिजनको पनि व्यवस्था गरिदिने योजना रहेको मेयर बरालले मध्यान्हलाई बताए ।

दवाव दिँदै आएका थिए । पछिल्लो समय स्वास्थ्य सामग्री खरिद लगायतका विषयमा सरकारले पार्टीमा कुनै छलफल नगरेको भन्दै नेताहरुले असन्तुष्टि जनाएका थिए ।

### १७औं...

गभर्नरमा सिफारिस भएका उनको राष्ट्र बैंकमा ३ दशक काम गरेको अनुभव छ । अधिकारी नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक भएको १६ महिनामै डेपुटी गभर्नरमा बढुवा भएका थिए । अर्थमन्त्री खतिवडाका पुराना साथी अधिकारी चार्टर्ड एकाउन्टेन्टमध्येबाट गभर्नर हुने पहिलो ब्यक्ति बनेका छन् ।

यसअघि अधिकारी डेपुटी गभर्नर नियुक्त भएपछि बैंक तथा वित्तीय संस्थामा ‘माइक्रो म्यानेजमेन्ट’ पनि सुरु गरेका थिए । बजारमा ठूलो अर्थ राख्ने प्रमुख कार्यकारी अधिकृतको तलव सुविधामा अंकुस लगाउने काम पनि उनले गरेका थिए ।

### संख्या ...

संघका अध्यक्ष विष्णु प्रसाल गैरे बताउँछन् । असार मसान्त आउन अब सय दिनको समय पनि बाँकी छैन । विगत वर्षहरुमा व्यवसायीहरुले वैशाखपछि ईजाजतपत्र नवीकरण गराउन शुरु गर्ने गरेका थिए । हाल अन्य सरकारी निकायसँगै वैदेशिक रोजगार विभाग पनि बन्द रहेको छ । नियमित रुपमा असार मसान्तसम्म र प्रति महिना दश हजार रुपैयाँ जरिवाना बुझाएमा म्यानपावर कम्पनी असोज मसान्तसम्म नवीकरण गर्न पाइने व्यवस्था रहेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठले ऐन संशोधन प्रकृया लम्बिन सक्ने भन्दै वैदेशिक रोजगार नियमावलीमा संशोधन गरेर म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्ने बाटो खोल्न माग गरेका छन् । समय छोटो भएकाले मन्त्रिपरिषद्ले नियमावली संशोधन गरेर सहज व्यवस्था गरिनुपर्ने उनको माग छ ।

### लम्बियो..

व्यक्तिले थप सात दिन होम क्वारेन्टाइनमा बस्नुपर्नेछ । सरकारका प्रवक्ता डा. युवराज खतिवडाले १४ दिन क्वारेन्टाइनमा बसेपछि थप सात दिन अनिवार्य होम क्वारेन्टाइनमा बस्नुपर्ने नियम ल्याइएको जानकारी दिए । उनले होम क्वारेन्टाइनमा बस्नेको अनुगमन स्थानीय तहले गर्ने पनि जानकारी दिए । कोरोना भाइरस नेपालमा पनि दोस्रो चरणमा पुगेसँगै सरकारले सजगता अपनाउँदै अझै कडा नियम लागू गरेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले क्वारेन्टाइन बसाइलाई १४ दिनबाट बढाएर २१ दिन पुर्‍याइएको जानकारी सोमबार दिएका छन् ।

देशभरका क्वारेन्टाइनमा सोमवारसम्म ९ हजार एक सय ६८ जना बसिरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकाका विभिन्न अस्पतालमा आइसोलेसनमा हाल १२ जना उपचाररत रहेको मन्त्रालयले जानकारी दिएको छ । त्यसैगरी उपत्यका बाहिरका अस्पतालमा ९५ जनाको उपचार भइरहेको छ । चैत महिनाभरी विदेशबाट काठमाडौं आएकाहरुको स्वास्थ्य परीक्षणका लागि मन्त्रालयबाट टोली परिचालित भइसकेको बताउँदै उनले स्थानीय सरकार हरुसँग समन्वय भइरहेको पनि मन्त्रालयले जनाएको छ ।

त्यस्तै सरकारले कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समितिमा नभएका मन्त्रीहरुलाई थप जिम्मेवारी दिएको छ । भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री बसन्त नेम्वाङलाई प्रदेश नम्बर १, भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्याललाई गण्डकी प्रदेश र वन तथा वातावरणमन्त्री शक्ति बस्नेतलाई कर्णाली प्रदेश सरकारसँग समन्वय गर्ने जिम्मेवारी दिइएको छ ।

यसैगरी उर्जा तथा जलस्रोत मन्त्री वर्षमान पुनलाई प्रदेश नम्बर ५, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवलाई प्रदेश नम्बर २ र खानेपानी तथा सरसफाइमन्त्री बिना मगरलाई सुदूरपश्चिम सरकारसँग समन्वय गर्ने जिम्मेवारी दिइएको छ ।

सरकारले स्वास्थ्य स्वयंसेविकालाई एक पटकका लागि प्रतिव्यक्ति १५ सय रुपैयाँ उपलब्ध गराएर क्वारेन्टाइनमा बसे नबसेको अनुगमनका लागि खटाउने निर्णय पनि गरेको छ । यस्तै निजी क्षेत्रका चिकित्सकहरुले सरकारी अस्पतालमा गएर काम गर्न चाहेमा सम्बन्धित तहअनुसार मिलान गरेर काम गर्ने र सेवा सुविधा सरकारी कर्मचारी अनुसार हुने व्यवस्था गर्ने निर्णय पनि बैठकले गरेको छ । निजी अस्पतालमै बसेर कोरोना नियन्त्रणको क्षेत्रमा काम गर्नेलाई नेपाल सरकार मातहतका कर्मचारी बराबरको सुविधा दिने निर्णय पनि बैठकले गरेको छ ।

### प्रधानमन्त्रीको...

नेकपाले बोलायो सचिवालय बैठक यसैबीच नेताहरुको चर्को दवावकाबीच सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले सचिवालय बैठक बोलाएको छ । सचिवालय बैठक मंगलबार (आज) ४ बजेका लागि बोलाएको बरिष्ठ नेता झलनाथ खनालले जानकारी दिए ।

गत चैत ५ गते बसेको नेकपा सचिवालय बैठक त्यसयता बस्न सकेको थिएन । बैठक बोलाउन ढिला भएको भन्दै नेताहरुले अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वालिङ, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## योजना कार्यान्वयनको लागि वोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७६।१२।२५ गते)

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०७६/०७७ को लागि स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्र भित्र तपसिलमा उल्लेखित सडक स्तरउन्ती कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनिवाट निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वक शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**सर्तहरु**

१. बोलपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायी फर्महरुले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७५/०७६ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैक लिमिटेड वालिङ शाखामा रहेको खाता नं.५०५/०८३००१०१०४८०९४००००01 मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।

२. बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३. बोलपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४. बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्ने छ ।

५. शिलवन्दी बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग.३/०८३०३०००००००००३००००01 मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नू पर्ने छ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने र बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हुन पर्ने छ ।

७. कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन समेत हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०६३४४०१७७ मा सम्पर्क गर्न सकिने छ ।

९. **बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति २०७७।१।२४ गते समयः कार्यालय समय । | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७७।१।२६ गते, समयः १२.०० वजे भित्र | बोलपत्र खोल्ने मिति २०७७।१।२६ गते र समय १४.०० वजे |

**१०. निर्माण कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | वडा नं. | लागत अनुमान (भ्याट समेत) रू | जमानत रकम रू. | बोलपत्र फारम दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १ | २३/२०७६/०७७ | वौवा त्रियासी वेलपोखरी खानेपानी योजना निर्माण | १ | 49,02,772.0 | 1,34,827.0 | 3,000.0 |
| २ | २४/२०७६/०७७ | वालिङ डिप वोरीङ खानेपानी तथा सरसफाई योजना | न.पा. क्षेत्र भित्र | 82,03413.0 | 2,25,594.0 | 3,000.0 |



## भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खाबाङबगर, रूकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०७६।१२।२५ गते)

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७६/११/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | बोलपत्र दाताको नाम र ठेगाना कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | BRMO/R 05-2076/077 | त्रिवेणी गुनाम वाघटारे रोड निर्माण | श्री अमोल निर्माण सेवा प्रा.लि. तारकेश्वर १० काठमाडौँ | रु. 1,10,40,673.90 (अक्षेरुपी एक करोड दश लाख चालीस हजार छ सय तिरहत्तर रुपैया नब्बे पैसा मात्र) |
| २ | BRMO/R 06-2076/077 | सिमा, झुम्लावाङ, क्याङ्सी, खाबाङबगर सडक निर्माण | श्री सन्तोष निर्माण सेवा मोरावाङ ५ रुकुम | रु. 50,39,677.55 (अक्षेरुपी पचास लाख उनचालीस हजार छ सय सतहत्तर रुपैया पचपन्न पैसा मात्र) |
| ३ | BRMO/R 07-2076/077 | रिका लुकुम मारिङ थवाङ सडक निर्माण | श्री ब्लू माउन्टेन विल्डर्स शोभा ३ रुकुम | रु. 50,16,961.25 (अक्षेरुपी पचास लाख सोह्र हजार नौ सय एकसट्ठी रुपैया पच्चीस पैसा मात्र) |
| ४ | BRMO/R 08-2076/077 | धर्मशाला लावाङ चुनवाङ सडक निर्माण | श्री स.जि.स. निर्माण सेवा महत २ रुकुम | रु. 30,13,276 (अक्षेरुपी तीस लाख तेह्र हजार दुई सय छहत्तर रुपैया मात्र) |

**(चन्द्रसिंह श्रेष्ठ)**
**प्रमुख प्रशासकीय**

# रेकर्डमा पारस र सुवासको नाम

**मध्यान्ह/संवाददाता**
काठमाडौं, २४ चैत





विश्व टी २० क्रिकेटमा केहि यस्ता रेकर्डहरु छन, जुन हात पार्न केहि चुनौती नै छन । त्यो रेकर्डमा नेपाली खेलाडीको नाम पनि समावेश रहेका छन । टी २० क्रिकेटमा पहिलो बलमा नै विकेट लिने खेलाडीको सूचीमा नेपाली खेलाडीको नाम समावेश रहेको छ। ती खेलाडी हुन पूर्व कप्तान पारस खड्का । क्रिकेटमा अन्तराष्ट्रिय टी २० खेलमा अहिलेसम्म पहिलो बलमा नै विकेट लिने खेलाडी १९ जना रहेका छन। त्यसमा नेपालबाट पारस खड्का रहेका छन । यसका साथै विपक्षी खेलाडीको पहिलो बलमा नै आउट हुने र पछि क्याच आउट गर्ने खेलाडीपनि नेपाली नै छन् । ती खेलाडी हुन विकेटकिपर ब्याट्सम्यान सुवास खकुरेल ।

सन् २०१४ मा आइसीसी टी २० विश्वकपको समुह चरणको खेलमा नेपाल र हङविचको खेलमा यस्तै घटना भएको हो । बंगलादेशको चिटगाउमा भएको खेलमा पहिले ब्याटिङ गरेको नेपालका सुवास खकुरेल इरफान हमेदको पहिलो बलमा नै आउट भएका थिए । उनले अरु बलरलाई राम्रोसँग खेलेपनि इरफानको बलमा भने उनी सुरुवातमा नै आउट हुनपुगे ।

सो खेलमा नेपालले स्कोरबोर्डमा १४९ रन बनाएको थियो। जवाफमा सो बेलाका कप्तान पारस खड्काले नेपालको बलिङको ओपनिङ गर्ने निधो गरे। जुन सोचका साथ उनले बलिङ गरेका थिए । त्यसमा उनी सफल पनि भए । उनले हङकङका ओपनर इरफान अहमेदलाई पहिलो बलमा नै आउट गर्दै पेभेलियन फर्काए । पारसको बलिङमा सुवास खकुरेलले क्याच गरेका थिए । सुवासले पहिले जुन बलरले आउट गरेका थिए, तिनै खेलाडीको क्याच लिदै बदला लिएका थिए ।

त्यो खेलपछि पारस खड्का टी २० क्रिकेट करियरमा पहिलो बलमा नै विकेट लिने खेलाडीको सूचीमा समावेश भएका हुन् । उनले सो खेलमा दुई ओभरमा सात रन दिएर एक विकेट लिएका थिए। टिमले पनि ८० रनको जित निकालेको थियो ।

त्यसपछि अरु नेपाली बलरले यस्तो रेकर्ड बनाउन सकेका छैनन्। पारस यसरी पहिलो बलमा नै विकेट लिने विश्वमा १० औं बलर बनेका थिए । त्यसपछि अरु नौ जना खेलाडीले पहिलो बलमा नै विकेट लिइसकेका छन । पछिल्लो पटक मार्च आठ तारिखमा जर्मनीका खेलाडी डेइटेर केलिनले स्पेनका अविस अहमेदलाई पहिलो बलमा नै आउट गरेका थिए ।

# कोरोना मुक्त भारत बनाउन प्रधानमन्त्री मोदीको आह्वान



**नयाँदिल्ली, एजेन्सी**-भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतलाई कोरोना फ्रि घोषणा गर्ने वातावरण बनाउन भारतीय जनता पार्टीका कार्यकर्ताहरुलाई अपिल गरेका छन्। उनले देशमा 'कोभिड १९' का सङ्क्रमितहरु बढ्दै गएको देखिएपछि सबै भारतीय नागरिकलाई लकडाउनमा घरैमा बसेर सहयोग गर्न अपिल गरिएको प्रसंग उल्लेख गर्दै यस्तो अवस्थामा नागरिकलाई परेका समस्याहरुको समाधान गर्न पार्टी कार्यकर्ताहरुलाई आग्रह गरे ।

भारतीय जनता पार्टीको ४० औं स्थापना दिवसका अवसरमा उनले आफ्ना कार्यकर्ताहरुलाई देश यतिबेला महामारीमा परिरहेकोले यस्तो बेलामा खटेर काम गर्न र आवश्यकताअनुसार नागरिकका समस्या र अप्ठेरोहरुमा सघाउन पनि आह्वान गरे । सबै भारतीय नागरिकले प्रतिबद्धता र सहयोगका साथ लड्ने हो भने भारतलाई कोरोना मुक्त देश बनाउन धेरै गाह्रो नभएको उनले बताए ।

कोरोना भाइरसको बारेमा नागरिकमा जानकारी गराउने, चेतनामूलक कार्यक्रमहरुलाई नागरिकको घर दैलोमा लैजाने र सामाजिक दुरी कायम गरेर देशमा कोरोनाका विरुद्धमा लड्ने र त्यसलाई परास्त गर्ने काम गर्न उनले भारतीय जनता पार्टीका कार्यकर्ताहरुलाई अपिल गरेका हुन्।

विश्वमा नै प्राणघातक यस भाइरसले प्रभाव पारिरहेका बेला भारतमा पनि पछिल्ला केही दिनमा कोरोना सङ्क्रमितको संख्या बढ्न थालेको छ । भारतमा सोमबार बिहानसम्म यसका सङ्क्रमितको संख्या ४ हजार ६७ जना पुगेको बताइएको छ ।

भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ पछिल्लो १२ घन्टामा कम्तीमा पनि ४९० जनामा सङ्क्रमण देखिएको छ । पछिल्ला केही दिनमा यहाँ ४ देखि ५ सयका दरले कोरोना संक्रमितको संख्या बढ्दै गएको बताइएको छ ।

साथै भारतमा कोरोनाको सङ्क्रमणका कारण ज्यान गुमाउनेको संख्या पनि बढ्न थालेको छ । सोमबार बिहानसम्म यसबाट ज्यान गुमाउने नागरिकको संख्या १०९ पुगेको सो मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा कोरोनाका सङ्क्रमितहरु उपचारपछि निको भएर घर पनि फर्किएका छन् । उपचारपछि २९२ जना घर फर्र्किएका छन् । अरु हजार ६६६ जना भने उपचाररत रहेका छन् । उनीहरु केही अस्पताल त केही आफ्नो घरमा नै निगरानीमा रही उपचार गराइरहेका छन् ।

# एकै दिन बनेर टुटेका रेकर्डहरु



**काठमाडौं, एजेन्सी**-क्रिकेटमा रेकर्ड बन्ने र टुट्ने क्रम चलि रहन्छ। केही खेलाडीले बनाएका रेकर्डहरु टुट्नका लागि बर्षौं कुनुपर्ने पनि हुन्छ। भारतीय ब्याट्सम्यान रोहित शर्माले एक दिवसीय क्रिकेटमा अहिलेसम्म तीन पटक दाहोरो शतक बनाएका छन्। डन ब्राडम्यानले टेस्ट क्रिकेटको ब्याटिङ औसत ९९.९३ छ। त्यो पनि अटुट जस्तै रेकर्ड हो ।

**एक दिवसीय क्रिकेटमा सर्वोच्च स्कोर**

सन् २००६ को मार्च १२ तारिखमा दक्षिण अफ्रिका र अस्ट्रेलियाबीच एकदिवसीय सिरिजको पाँचौं तथा अन्तिम खेल थियो । दुई टिमले समान २-२ खेल जितेकाले फाइनलजस्तै यो म्याचमा सर्वोच्च स्कोरको कीर्तिमान बनेको थियो । अस्ट्रेलियाले पहिला ब्याटिङ गर्दै ५० ओभरमा ४३४ रन बनाएको थियो । कप्तान रिकी पोन्टिङले १६४ रन बनाएका थिए। एक दिवसीय क्रिकेटमा ४३४ रन सवाधिक ठूलो टिम स्कोर थियो ।

४३५ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाका लागि हर्सल गिब्सले १७५ रन र ग्रीम स्मिथको ९० रनको मद्दतलले अफ्रिकी टिम लक्ष्य नजिक पुगेको थियो। यी दुवै खेलाडी आउट भएपछि जोहान भान डेर वाथले ३५ रन जोडेपछि १ विकेटको जीत दर्ता गरेको थियो । त्यतिबेला अफ्रिकाले अस्ट्रेलियाविरुद्धको एक दिवसीय सिरिज मात्रै जितेन की अस्ट्रेलियाले बनाएको सर्वाधिक ठूलो स्कोरको रेकर्ड पनि तोडेको थियो ।

**कलिन मुनरो भर्सेस मार्टिन गप्टिल**

श्रीलंका र न्युजिल्याण्डबीच १० जनवरी २०१६ मा अकल्याण्डमा टी २० म्याच भएको थियो । न्युजिल्याण्डका कप्तान केन विलियमसनले टस जितेर पहिला ब्याटिङ गरेको थियो । एन्जेलो म्याथ्यूजको ८१ रनको मद्दतले श्रीलंकाले निर्धारित २० ओभरमा १४२ रन बनाएको थियो। न्युजिल्याण्डका ग्रान्ट इलियटले ४ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गर्दा न्युजिल्याण्ड टिमका मार्टिन गप्टिलले धुवाँधार पारिको शुरुआत गरेका थिए ।१७ बलमा अर्धशतक बनाए । जुन न्युजिल्याण्डका खेलाडीले बनाएको सवाधिक छिटो अर्धशतक थियो । तर, त्यो रेकर्ड धेरै बेर टिकेन। सातौं ओभरमा गप्टिल आउटभएपछि क्रिजमा आएका कलिन मुनरोले पनि आक्रामक ब्याटिङ गर्दै १४ बलमा ५० रन बनाए। जसका कारण केही समयमै गप्टिलले बनाएको रेकर्ड तोडिन पुग्यो ।

**महिला क्रिकेटमा व्यक्तिगत स्कोर**

सन् १९९७ को महिला विश्वकप भारतमा आयोजना भएको थियो। पुणेमा भएको खेलमा इंग्ल्याण्डकी ओपनर शार्लेट एडवार्डसले आएरल्याण्डविरुद्ध १७३ रनको शानदार पारी खेल्दै महिला क्रिकेटमा सवाधिक व्यक्तिगत रन बनाउने कीर्तिमान कायम गरिन् । ५० ओभरमा इंग्ल्याण्डले ३२४ रनको विशाल योगफल बनाएको थियो ।

सोही दिन एडवर्डसले लिसा केटलीले बनाएको १५६ रनको रेकर्ड तोडेकी थिइन् । तर, सोही दिन भएको अर्को खेलमा अस्ट्रेलियाकी कप्तान बेलिन्डा क्लार्कले एक दिवसीय क्रिकेटमा दोहोरो शतक बनाउँदै एडवार्डसको रेकर्ट तोडेकी थिइन् । क्लार्कले डेनमार्कविरुद्ध नटआउट २२९ रनको पारि खेलेकी थिइन् । उनको रनको मद्दतले अस्ट्रेलियाले डेनमार्कविरुद्ध ४१२ रन बनाएको थियो । डेनमार्क ४३ रनमा समेटिएको थियो ।

**सर्वाधिक व्यक्तिगत स्कोर**

सन् १९७५ को विश्वकपमा इंग्ल्याण्डका ब्याट्सम्यान डेनिस एमिसले भारतविरुद्ध १४७ बलमा १३७ रन बनाएका थिए ।

उक्त रन एक दिवसीय क्रिकेटमा व्यक्तिगत सवाधिक स्कोर थियो । सोही दिन विश्वकपकै समूह चरणको अर्को खेल पनि भएको थियो ।

तर, न्युजिल्याण्डले पूर्वी अफ्रिकाबीचका खेलमा न्युजिल्याडका ग्लेन टर्नरले १७१ रन बनाए । जुन रन एमिसले बनाएको सवाधिक रनको रेकर्ड तोड्न पर्याप्त बन्यो । एमिसको रेकर्ड केही घन्टा पनि टिकेन ।

त्यतिबेला एक दिवसीय क्रिकेट ६० ओभरको थियो भने टर्नरले २०१ बलमा १७१ रन बनाएका थिए ।

# बार्सिलोनाले ग्रिजम्यानलाई नबेच्ने



**काठमाडौं, एजेन्सी**-पछिल्लो पटक बार्सिलोनाले एन्टोइन ग्रिजम्यानलाई विक्रि गर्ने चौतर्फी हल्लाले बजार तताएको थियो। तर यो सिजन बार्सिलोनाले ग्रिजम्यानलाई विक्रि पनि नगर्ने र साट्न पनि नसाट्ने बताएको छ ।

बार्सिलोनामा ग्रिजम्यान पुर्ण रुपमा आफ्नो खेललाई देखाउन नसकेको आरोप लागेपछि केहि दिन अगाडीसम्म उनलाई विक्रि गर्ने योजनामा बार्सिलोना रहेको बताइएको थियो । तर नेयमारलाई ल्याउने तयारीमा रहेको बार्सिलोनाले ग्रिजम्यानलाई यो सिजनमा क्लवबाट बाहिर नपठाउने बताएको छ ।

नौ महिना अगाडी एक सय २० मिलियन युरोमा एट्लेटिको मड्रिडबाट बार्सिलोना आएका ग्रिजम्यानको सम्झौता २०२४सम्म रहेको छ ।

तर अहिले कोरोना भाइरसका कारण यो जिन सुचारु हुन्छ की हुन्दै भन्ने ठूलो आशंका रहेको छ। तर ग्रिजम्यानलाई बार्सिलोनाले तत्काल बाहिर नपठाउने बताएको छ । बार्सिलोनाकोस बोर्ड ब्यवस्थापनले ग्रिजम्यानलाई मैदानमा सेटल हुन केहि समय लाग्ने छ। यो सिजन ग्रिजमनले ३७ खेलमा १४ गोल गरेका छन । जुन नराम्रो सिजन भन्न नमिल्ने बार्सिलोनाको बोर्ड ब्यवस्थापकको भनाई छ ।

# बेलायतका प्रधानमन्त्री जोनसन अस्पताल भर्ना



**लन्डन, एजेन्सी**- विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमणका कारण बेलायतका प्रधानमन्त्री बोरिस जोनसन अस्पताल भर्ना भएका छन् । कोरोनाभाइरसको सङ्क्रमण देखिएको १० दिनसम्म उनी घरमा नै क्वारेन्टाइनमा रहदै आएका थिए ।

कोरोनाको लक्षणहरू उस्तै रहेको र तापक्रम पनि रहेकाले लन्डनस्थित अस्पतालमा पुऱ्याइएको हो । सावधानीको रुपमा यो कदम चालिएको बताइएको छ। तर हाल उनको अवस्था सामान्य रहेको बीबीसीले जनाएको छ । कोरोना भाइरसको सङ्क्रमण देखिएको १० दिन बितिसक्दा पनि प्रधानमन्त्रीलाई लक्षणहरू निरन्तर उस्तै देखिएकोले यो कदम सावधानीका रुपमा चालिएको उनका चिकित्सकले बताएका छन् ।

# सिङ्गापुरमा २० हजार विदेशी कामदार क्वारेन्टाइनमा



**काठमाडौं, एजेन्सी**- सिङ्गापुरले विदेशी २० हजार कामदारलाई क्वारेन्टाइनमा राखेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि सरकारले क्वारेन्टाइनमा बस्न अनिवार्य गरेकाले उनीहरूलाई विद्यालय तथा क्याम्पसका क्वारेन्टाइनमै राखेको अधिकारीहरूले बताएका छन् । उनीहरूले कम्तीमा १४ दिनसम्म कोठा छोड्न नपाउने र क्वारेन्टाइनमै बस्नुपर्ने सिंगापुरको स्वास्थ्य मन्त्रालयद्वारा सोमबार जारी वक्तव्यमा उल्लेख गरिएको छ। क्वारेन्टाइनमा बसेका कामदार हरूलाई पारिश्रमिक भने उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । सिङ्गापुरमा सोमबारसम्म कोरोना भाइरसबाट सङ्क्रमितको संख्या एक हजार ३ सय ९ पुगेको छ भने ६ जनाको मृत्यु भएको छ । कुल ४० हजारको परीक्षण गरिएको छ। सङ्क्रमितमध्ये ३२० जना सन्चो भएर घर फर्किएका छन् भने अरु ९८३ जना अझै पनि विरामी अवस्था मै रहेका छन् । ती मध्ये २५ जनाको अवस्था गम्भीर रहेको अधिकारीहरूले जनाएका छन् ।

सङ्क्रमण फैलिने क्रम चलिरहेकाले सरकारले मङ्गलबारदेखि लकडाउनको समेत घोषणा गरेको छ। लकडाउन लागु गरिने भएकाले एक महिनाका लागि शैक्षिक संस्था तथा अत्यधिक मानिसहरूको ओहोरदोहोर हुने अन्य कार्यस्थललगायतका क्षेत्र बन्द गर्न लगाइएको छ ।

# बोइङको कारखाना अनिश्चितकालीन बन्द



**वासिङ्टन, एजेन्सी**-अमेरिकाको बिमान निर्माता कम्पनी बोइङले कोरोनाभाइरसको महामारीका पछि जारी लकडाउनका कारण वासिङ्टन राज्यमा रहेको आफ्नो कारखाना अनिश्चितकालीन बन्द गर्ने निर्णय गरेको छ । बोइङले सियाटल नजिकको पुजिट साउन्ड कारखानाबाट उत्पादन यसअघि नै रोकिसकेको थियो । यो कारखानाबाट लामो दूरीको उडान भर्ने बोइङ-७७७ जेट र अरु मोडलका बिमान उत्पादन हुने गरेको छ । गत महिना कम्पनीले आफ्नो कारखाना दुई साताका लागि बन्द गर्ने घोषणा गरेको थियो ।

साथै कम्पनीले बोइङ ७३७ म्याक्स बिमानमा समस्या आएपछि मोजेज लेकमा रहेको अर्को कारखाना पनि अहिले बन्द छ ।

बोइङले आइतबार कोविड-१९ को महामारीबाट कर्मचारीलाई जोगाउन पनि कारखाना अनिश्चितकालका लागि बन्द गर्नु परेको जनाएको थियो। बोइङका व्यावसायिक बिमान विभागका अध्यक्ष स्टान डिलले एक वक्तव्य जारी गर्दै कर्मचारी, उनीहरुका परिवार र हाम्रो समयको स्वास्थ्य र सुरक्षाका लागि कारखाना बन्द गर्नु परेको उल्लेख गरेका छन्।

कोरोनाभाइरसको महामारीका साथै बोइङ ७३७ म्याक्स शृंखलामा आएको समस्याका कारण कम्पनीले ठूलो आर्थिक क्षति व्यहोर्नु परेको छ। कम्पनीले हाल अमेरिकी हवाई उड्डयन कम्पनीलाई जोगाउन संघीय सरकारबाट ६० अर्ब डलरभन्दा बढीको आर्थिक सहायताका लागि अनुरोध गरेको छ ।

कम्पनीले गत बिहीबार कर्मचारीलाई स्वेच्छिक बिदामा बस्न वा अवकाश लिन चाहने कर्मचारीलाई तत्काल आवेदन दिन अनुरोध गरेको थियो ।

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा.**
**(विशेष कार्यदल), बगलामुखी, काठमाण्डौ**

**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मिति देखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हालसम्म कार्यालयमा गैरहाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैर हाजिर हुनुको मनासिब कारण सहित सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल),बगलामुखी, काठमाण्डौंमा सम्पर्क गर्न आउनु होला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली,२०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईंलाई जानकारी गराईएको छ ।

| सि.नं. | आइडि नं. | दर्जा | नाम थर | बाबुको नाम | दरवन्दी | वतन | गैर हाजिर मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ६२३२४ | सप्रज | आशिष घर्ती मगर | नवराज घर्ती मगर | सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल),बगलामुखी, काठमाण्डौं | जिल्ला नुवाकोट सुर्यगढी - ०३ | २०७६/१०/०५ |

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# 'एजेन्ट'लाई कसिमन नदिन निगमलाई पर्यटनमन्त्रीको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले नेपाल वायुसेवा निगमको 'चार्टर्ड फ्लाइट' बापतको कसिमन एजेन्टलाई नदिन निगम नेतृत्वलाई निर्देशन दिएका छन् ।

अष्ट्रेलियन दूतावासले आफ्ना २७४ नागरिकलाई स्वदेश लैजानका लागि चैत १९ गते गरेको निगमको 'चार्टर्ड फ्लाइट'मा एजेन्टका रूपमा घुसाइएको भनिएको बोन ट्राभल्सलाई कमिसनबापतको भुक्तानी हाललाई रोक्न मन्त्री भट्टराईले निगमलाई निर्देशन दिएका हुन् ।

पर्यटनमन्त्री भट्टराईले निगमका निमित्त महाप्रबन्धक गणेशबहादुर चन्द र कमर्सियल डिपार्टमेन्टका निर्देशक टङ्कनिधि दाहाललाई एजेन्टलाई कमिसनबापतको भुक्तानी हाललाई रोक्न निर्देशन दिँदै एजेन्ट घुसाइएका विषय स्पष्ट पार्न आग्रह गरे । यसअघि निगमको चार्टर्ड फ्लाइटमा ट्राभल एजेन्सी घुसाएर २७ लाख रूपैयाँ भन्दाबढी नोक्सानी गरेको समाचार प्रकाशन भएलगत्तै मन्त्री भट्टराईले तत्कालै निगमका नेतृत्वलाई बोलाएर यो विषय स्पष्ट पार्न निर्देशन दिएका थिए ।

उक्त सम्बन्धमा निगमको वाणिज्य विभागले भने अष्ट्रेलियन दूतावासले नै चार्टर्ड सेवा सहजीकरणका लागि बोन ट्राभल्सलाई एजेन्ट नियुक्तिका लागि लेखेको पत्रका कारण बोन ट्राभल्सलाई 'एजेन्ट' तोकिएको जानकारी गराएको थियो । तर मन्त्री भट्टराईले एजेन्ट घुसाएको विषयमा सबै तथ्य र प्रक्रिया स्पष्ट पार्न भन्नुभएको छ । नियतबस एजेन्ट घुसाएर अनियमितता गरिएको भए यसमा संग्लनलाई कारवाहीको दायरामा ल्याउने चेतावनी मन्त्री भट्टराईले दिएका छन् ।

अष्ट्रेलियन दूतावासले दिएको काठमाडौं-अष्ट्रेलिया-काठमाडौं उडानबापतको चार लाख ३९ हजार २०० डलर र प्रत्येक यात्रुको ट्याक्ससमेत गरी पाँच करोड ४८ लाख ४३ हजार रूपैयाँ निगमको खातामा जम्मा भइसकेको छ । बोन ट्राभल्सले 'एजेन्ट' भएर काम गरेबापत पाँच प्रतिशत अर्थात् २७ लाख ४५ हजार ७७० रूपैयाँ पाइसकेको समाचार प्रकाशित भएको छ । तर निगमका निमित्त महाप्रबन्धक गणेशबहादुर चन्दले अष्ट्रेलियन दूतावासले तिरेको पैसा निगमको खातामा जम्मा भएको र बोन ट्राभल्सलाई कसिमनबापतको रकम दिइ नसकिएको बताए । उनले भने, "त्यो निगमकै खातामा छ, बोन ट्राभललाई दिइएको छैन ।"

यही चैत १९ गते बुधबार निगमको जहाज काठमाडौंबाट अष्ट्रेलियन नागरिक बोकेर अष्ट्रेलियाको ब्रिसबेन उडेको थियो । नेपाल एअरलाइन्सले प्रतिघण्टा १८ हजार १०० डलरका दरले शुल्क लिएको छ । निगमले २५ घण्टा (काठमाडौं-अष्ट्रेलिया-काठमाडौं) उडानको चार्टरबापतको रकम पाँच करोड ४९ लाख १५ हजार ४०० रूपैयाँ तिरेको हो । यही उडानमा नेपाल वायुसेवा निगमले एजेन्ट घुसाएर अनियमितता गरेको समाचार बाहिर आएपछि मन्त्री भट्टराईले 'एक्सन' लिएका हुन् ।

# राहत कोषको १ करोड ५० लाख खर्च

**काठमाडौं/मस**–चन्द्रागिरि नगरपालिकाले कोरोना भाइरस, (कोभिड-१९)को सम्भावित जोखिम नियन्त्रण तथा लकडाउनपछि नगरवासीको राहतमा एक करोड ५० लाख खर्च गरेको छ । नगरप्रमुख प्रमुख घनश्याम गिरिले केरोना भाइरसको उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीको व्यक्तिगत सुरक्षा उपकरण (पिपीइ) खरिदमा रु ३२ लाख र नगरपालिकाभित्र गरीव तथा विपन्न वर्गलाई राहतका लागि रु एक करोड १५ लाख खर्च भएको जानकारी दिए । नगरपालिकाले चालू आर्थिक वर्षमा विपद् व्यवस्थापन कोषमा ७५ लाख रकम विनियोजन गरेको थियो ।

नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले नगरपालिकाले एकद्वार प्रणालीमार्फत राहत वितरण गर्न लागेको जानकारी दिए । "आ-आफ्नो ढङ्गबाट राहत वितरण गर्दा कतिपय गरीब मजदूरहरू राहत पाउनबाट छुटेपछि नगरपालिकाले एकद्वार प्रणालीमार्फत् राहत वितरण गर्न लागेको हो,"-उनले भने । नगरपालिकाले तयार गरेको मापदण्डमा तीन जनाको परिवारसम्मलाई दश केजी मन्सुली चामल, एक केजी मुसुरो दाल, एक केजी नुन, दुई केजी चिउरा, एक केजी चिनी र दुई पिस साबुन रहेको छ ।

राहत लिनका लागि व्यक्तिले आफ्नो नाम, आफ्नो परिवारको सङ्ख्या, आफुले गर्दै आएको काम, घरधनीको नाम र घरधनीको सम्पर्क नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । यस्तै चार वा चारभन्दा बढी परिवार भएका व्यक्तिलाई १५ केजी मन्सुली चामल, एक केजी मुसुरो दाल, एक केजी नुन, दुई केजी चिउरा, एक केजी चिनी र दुई पिस साबुन वितरण गरिने नगरपालिकाले जनाएको छ ।

सो भाइरसको सम्भावित जोखिम हुन नदिन सरकारले चैत ११ गते विहानदेखि २५ गतेसम्म 'लकडाउन' गरेपछि विशेष गरी दैनिक मजदूरी गरेर गुजारा गर्दै आएका विपन्न परिवारलाई समस्या भएको जनाइएको छ ।

नगरपालिकाले सहयोग गर्न इच्छुक व्यक्ति तथा सङ्घ संस्थालाई नगरपालिकाको नेपाल बैंक लिमिटेड थानकोट शाखामा रहेको विपद् व्यवस्थापन कोषको खाता नं १४३००१०६२९३६६५००००१ मा जम्मा गर्नसमेत अनुरोध गरेको छ । उक्त खातामा हाल रु १४ लाख रहेको समेत नगरपालिकाले जनाएको छ ।

# भारतबाट भित्रिए खाद्य र ग्यास बोकेका गाडी



**काठमाडौं/मस**– लकडाउनका अवधिमा आपूर्ति सहज बनाउनका लागि भारतबाट आवश्यक खाद्य सामग्री र इन्धन बोकेका करीब दुई सय गाडी भित्रिएका छन् । पर्सास्थित वीरगञ्ज एकीकृत सुख्खा बन्दरगाहबाट तरकारी र फलफूल बोकेका २० गाडी, पेट्रोलियम पदार्थ बोकेका ७० ट्याङ्कर, खाना पकाउने एलपिजी ग्यासका ५३ र मालवाहक ट्रक १७ भित्रिएको प्रदेश नं २ सामाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले जानकारी दिए ।

सोही नाकाबाट रिफाइन तेल बोकेका १४ गाडी र तीन कन्टेनरका साथै महोत्तरी जिल्लाको नाका भएर तीन मालवाहक ट्रक पनि भित्रिएको उनले बताए । यहाँ लकडाउन पूर्णपालना गराउनका लागि पूर्ण रूपले कडाइ गरिएको छ । भारतसँग जोडिएका १०९ वटै नाकामा कडाइ गरी आवतजावत बन्द गरिएको छ ।

# ऊर्जामन्त्री पुनद्वारा रोल्पामा अत्यावश्यक स्वास्थ्य सामग्री प्रदान



**काठमाडौं/मस**-ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गृहजिल्ला रोल्पामा कोभिड-१९ रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सामग्री पठाएका छन् । मन्त्री पुनले सोमबार चिकित्सक र स्वास्थ्यकर्मीले प्रयोग गर्ने पर्सनल प्रोटेक्सन इक्युपमेन्ट (पिपिइ), मास्क, सेनिटाइजर र पञ्जालगायत अत्यावश्यक स्वास्थ्य सामग्री पठाएको उनको सचिवालयले जनाएको छ ।

मन्त्री पुनले पिपिइ सेट ११० थान पठाएका हुन् । पर्याप्त पिपिइको अभावमा महामारीका बेला स्वास्थ्यकर्मीले जोखिम मोलेर काम गरिरहेका छन् । यस्तै पञ्जा एक हजार थान, आधा लिटरको सेनिटाइजर १३ वटा र मास्क एक हजार थान रोल्पा पठाइएको छ । ती स्वास्थ्य सामग्री जिल्ला अस्पतालसहित सबै स्थानीय स्वास्थ्य संस्थामा वितरण गरिने मन्त्री पुनले जानकारी दिए ।

रोल्पाका १० वटै पालिकामा ती सामग्री पुग्नेछन् । जिल्लामा स्वास्थ्य सामग्रीको अभाव भएको गुनासो आएपछि मन्त्री पुनको पहलमा ती सामग्री सङ्कलन गरिएको हो । जिल्लाबाट सङ्घीय संसद्मा प्रत्यक्ष निर्वाचित सांसदका हैसियतमा आपत्का समयमा मतदातासँगै रहेको सन्देश दिन मन्त्री पुनले ती सामग्री जिल्ला पठाउनुभएको हो । यसअघि पहिलो चरणमा मन्त्री पुनले नै पठाउनुभएको ४० थान पिपिइ, चार हजार थान मास्क र १० थान ज्वरो नाप्ने थर्मोमिटरलगायत स्वास्थ्य सामग्री जिल्लाका एक नगरपालिका र नौ गाउँपालिकामार्फत सम्बन्धित स्वास्थ्य संस्थामा पुगिसकेका छन् ।

# सनराईज बैंकद्वारा डाक्टरलाई पीपीई हस्तान्तरण

**काठमाडौं/मस**-सनराइज बैंकले भक्तपुर क्यान्सर अस्तपताल र तिलगंगा आखाँ अस्तपतालका डाक्टर तथा नर्सका लागि आवश्यक व्यक्तिगत सुरक्षात्मक उपकरण पिपिइ वितरण गरेको छ । कोरोना भाइरस (कोभिड-१९) महामारी फैलिएको र नेपालमा पनि केहि मानिसमा देखिएको परिप्रेक्षमा त्यसको जोखिम बढेको हुदाँ विभिन्न अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई उक्त पीपीई दिएको हो । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत कोरना भाइरसको उपचारमा खटिने चिकित्सक र नर्सका लागि उक्त पिपिइ दिएको हो । सोमबार बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले भक्तपुर क्यान्सर अस्तपतालका मेडिकल निर्देशक प्रोफेसर डा.ऋषिकेश नारायण श्रेष्ठलाई १५ थान पिपिइ र ५ सय थान माक्स हस्तान्तरण गरे । साथै तिलगंगा आँखा अस्पतालमा पनि ५ थान पिपिइ बैंकका प्रमुख कार्यकारी अधिकृतले हस्तान्तरण गरे । हालसम्म सनराइज बैंकले सातै प्रदेशमा रहेको विभिन्न अस्पतालमा ४ सयभन्दा बढी पीपीई उपलब्ध गराई सकेको छ र अन्य प्रदेशहरुमा समेत उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

## मेगा बैंकले गर्यो २ प्रदेशलाई ५ ५ लाख सहयोग

**काठमाडौं/मस**-मेगा बैंक नेपालले कोरोना भाइरस रोकथामका लागि बागमती र कर्णाली प्रदेशलाई ५-५ लाख रुपैयाँ सहयोग गरेको छ । बैंकको हेटौंडा शाखाका प्रबन्धक निरञ्जन देवकोटाले बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेललाई ५ लाख रुपैंयाको चेक हस्तान्तरण गरेका छन ।

त्यस्तै बैंकका वीरेन्द्रनगर शाखाका प्रबन्धक विक्रम थापाले कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई ५ लाख रुपैंया सहयोग हस्तान्तरण गरेको बैंकले जानकारी दिएको छ ।

बैंक सञ्चालक समितिले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि केन्द्रीय सरकारले स्थापना गरेको कोषमा १ करोड रुपैयाँ र सातै वटै प्रदेशले स्थापना गरेको कोषमा ५-५ लाख गरी जम्मा १ करोड ३५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो । सोही अनुसार, प्रदेश नम्बर १, २, गण्डकी प्रदेश तथा सुदूरपश्चिम प्रदेशमा यसअघि ५-५ लाख रुपैंया हस्तान्तरण गरिसकेको छ ।

# वाग्मती प्रदेशमा कोष स्थापनका लागि अनुदान रकम वितरण




**काठमाडौं/मस**–वाग्मती प्रदेश सरकारले स्थानीय विपद् व्यवस्थापन कोष स्थापनाका लागि सबै स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराएको छ । प्रदेश अन्तर्गत १३ जिल्लाको ११९ स्थानीय तहमा सो कोष स्थापनका लागि सम्बन्धित स्थानीय तहको बैंक खातामा अनुदान रकम पठाइसकिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ ।

मन्त्रालयअन्तर्गत गठित वाग्मती प्रदेश विपद् व्यवस्थापन समितिका अनुसार काठमाडौं, ललितपुर र भरतपुर महानगरपालिकालाई रु २०/२० लाख र हेटौंडा उपमहानगरपालिकालाई रु १५ लाख अनुदान रकम पठाइसकिएको छ । त्यस्तै प्रदेशको ६६ निर्वाचन क्षेत्रअन्तर्गत ४१ नगरपालिकालाई रु १२/१२ लाख र ७४ गाउँपालिकालाई १०/१० लाख अनुदान रकम उपलब्ध गराएको मन्त्रालयले जनाएको छ ।

सङ्घीय सरकारले दैनिक लकडाउन चालू गरिरहेकामा सुरक्षाकर्मीलाई उनीहरूको मनोबल उच्च पार्न र व्यावहारिक कार्यमा क्रियाशील तुल्याउन प्रत्येक जिल्लाको सुरक्षाकर्मीलाई पाँच/पाँच लाख सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयलाई पनि पठाइएको वाग्मती प्रदेश विपद् व्यवस्थापन समितिले जनाएको छ ।

# प्रदेश २ को राहतकोषमा ४८ लाख जम्मा




**काठमाडौं/मस**-प्रदेश नं २को सरकारले स्थापना गरेको कोरोना भारइस सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा निजामती कर्मचारीबाहेक आजसम्म ४८ लाखभन्दा बढी सहयोग प्राप्त भएको छ । सिभिल बैङ्क जनकपुरस्थित कार्यालयका प्रतिनिधिले आज मुख्यमन्त्री लालबाबु राउतलाई ५ लाखको ट्रान्सफर डिटेल हस्तान्तरण गरेपछि अब सो कोषमा ४८ लाख एक हजार जम्मा भएको छ । प्रदेश सरकारले राष्ट्रिय वाणिज्य बैङ्कको जनकपुर शाखामा सञ्चालित कोरोना भारइस सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषको खाता नं १२२०५०३००००१ मा रकम जम्मा गर्न सबैमा आग्रह गरेको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**